

## शरणार्थीहरू को हुन्?

1951 को शरणार्थी सन्धि अनुसार त्यस्तो मानिसलाई शरणार्थी भनिन्छ जो...

*"जाति, धर्म, राष्ट्रियता, विशेष सामाजिक समूह वा राजनैतिक विचारको सदस्यताको कारण उत्पीडित हुने डरले आफ्नो राष्ट्रियता भन्दा बाहिरको राष्ट्रमा रहेको छ र आफ्नो राष्ट्रियताको राष्ट्रबाट सुरक्षा प्राप्त गर्न असक्षम छ वा सो डरको कारणले त्यस्तो सुरक्षा प्राप्त गर्न चाहँदैन।"*

## आर्थिक सहायता (बेनिफिट) प्राप्त गर्न म कहाँ जाने?

**बाल्टिमोर सिटी सामुदायिक कलेज** **
बाल्टिमोर ................................................ 410-986-5464

**रोजगार विकास बाल्टिमोर नगरपाल कार्यालय**
बाल्टिमोर ................................................ 410-396-3009

**इथियोपियन सामुदायिक विकास काउन्सिल** *$
सिल्भर स्प्रिङ ........................................... 301-562-7301

**अन्तर्राष्ट्रिय उद्धार समिति** *$
बाल्टिमोर ................................................ 410-327-1885

**अन्तर्राष्ट्रिय उद्धार समिति** *$
सिल्भर स्प्रिङ ........................................... 301-562-8633

**यहुँदी सामुदायिक सेवा** *$
बाल्टिमोर ................................................ 443-451-2256

**राष्ट्रिय पुँजी क्षेत्रको लुथेरान सामाजिक सेवा** *$
Hyattsville .............................................. 240-714-4034

**मेरिल्याण्ड स्वास्थ्य तथा मानसिक स्वस्थता विभाग**
बाल्टिमोर ................................................ 410-767-6664

**शरणार्थी तथा राजनैतिक आश्रयीहरूको लागि मेरिल्याण्ड कार्यालय**
बाल्टिमोर ................................................ 410-767-7514

**मोन्टगोमेरी काउन्टी सामुदायिक कलेज** **
सिल्भर स्प्रिङ ........................................... 240-567-1409

**प्रिन्स जर्ज सामुदायिक कलेज** **
हयाट्सभिल .............................................. 301-546-8449

**वर्ल्ड रिलिफ** *$
एन्ने एरूनडेल ........................................... 410-760-4514

* यसले स्थानीय शरणार्थी पुनर्स्थापना एजेन्सी हो भन्ने जनाउँछ
** यसले तपाईंले दोस्रो भाषाको रूपमा अङ्ग्रेजी सिक्ने ठाउँ जनाउँछ
$ यसले तपाईंले RTCA का लागि आवेदन दिन सक्ने ठाउँ जनाउँछ

*मेरील्यान्ड मानव सेवा एजेन्सी*



# MORA
# शरणार्थी तथा राजनैतिक आश्रयीहरूको लागि मेरिल्याण्ड कार्यालय

*हामीले संघीय सरकारद्वारा मान्यता-प्राप्त शरणार्थी तथा राजनैतिक आश्रयीहरूलाई अमेरिकी समाजमा समायोजित हुन लागि सहायता तथा सेवाहरू उपलब्ध गराउँछौं।*

**सामान्य सोधपुछहरूका लागि यो नम्बरमा MORA मा सम्पर्क गर्नुहोस्:**

**410-767-7514**

*मेरील्यान्ड मानव सेवा एजेन्सी*



**MORA ले 40,000 भन्दा धेरै शरणार्थीहरूलाई मेरिल्याण्डलाई आफ्नो घर बनाउन सहयोग गरेको छ र उनीहरूलाई “विस्थापित व्यक्ति” बाट स्वतन्त्र व्यक्ति तथा राष्ट्रिय अर्थतन्त्र र स्थानीय समुदाय योगदान पुर्‍याउन सक्ने सदस्यहरूमा रूपान्तरित गर्न सहयोग गरेको छ। शरणार्थीहरूलाई सम्भव भएसम्म छिटो आत्मनिर्भर बनाउने संक्रमणकालीन सेवाहरूको योजना बनाउन, प्रबन्ध मिलाउन र समन्वय गर्नको लागि हामी सार्वजनिक तथा निजी सेवाप्रदायकहरूको सञ्जालमार्फत कार्य गर्छौं। शरणार्थीहरूलाई अमेरिकी जीवनमा समायोजन गराउन सहायता गरिने मुख्य क्षेत्रहरूमा आर्थिक सहायता, सामुदायिक अभिमुखीकरण, वृत्ति तथा अङ्ग्रेजी भाषा तालीम र मुद्दा व्यवस्थापन जस्ता कुराहरू पर्दछन्।**

## MORA सेवाहरूका लागि को योग्य हुन्छ

हाम्रा कार्यक्रम तथा सेवाहरू त्यस्ता व्यक्तिहरूका लागि उपलब्ध छ जो:

- आप्रवासन तथा राष्ट्रियता ऐन (INA) को खण्ड 207 अन्तर्गत संयुक्त राज्यमा शरणार्थीको रूपमा प्रवेश गरेका छन्
- INA को खण्ड 208 अन्तर्गत आश्रय प्राप्त गरेका छन्
- 45 CFR भाग 401 का व्यवस्थाअनुसारका क्युबेली वा हाइटीयाली प्रवेशकर्ताहरू हुन्
- वैदेशिका कार्य, निर्यात वित्त तथा सम्बन्धित विनियोजन ऐन 1988 को खण्ड 584 अनुरूप संयुक्त राज्यमा प्रवेश गरेका भियतनामका अमेरएशियालीहरू हुन्
- सार्वजनिक सहायता प्राप्त गर्न बालबालिका तथा परिवारहरू (ACF) का लागि संयुक्त राज्य प्रशासनले प्रमाणित गरेको मानव ओसारपसारबाटगम्भीर रूपमा पीडित भएकाहरू हुन्
- इराकी वा अफगानी विशेष आप्रवासी भिसा (SIV) प्राप्त गरेका छन्

## आवेदन दिनका लागि के आवश्यक पर्छ

- तपाईंको परिवारका सबैजनाको आप्रवासन स्थितिको प्रमाण
- निवासको प्रमाण
- तपाईंको परिवारका सबैजनाको आम्दानीको प्रमाण (सबै स्रोतहरूबाट)
- आवेदक दोस्रो स्तरको आप्रवासी हो भने अर्को राज्यबाट प्राप्त गर्ने आर्थिक सहयोगको समापनको प्रमाण

## शरणार्थीको संक्रमणकालीन नगद सहायता (RTCA)

संघीय सरकारले RTCA को प्रबन्ध मिलाउन मेरिल्याण्ड राज्यलाई पूर्णरूपमा कोष उपलब्ध गराउँछ यो कार्यक्रमले प्रापकहरूलाई उनीहरूले लाभदायक रोजगार खोजेको समयमा आधारभूत खर्चहरू चलाउन आर्थिक सहायता उपलब्ध गराउँछ। यो कार्यक्रम आर्थिक सहायता तथा आवश्यकता शर्तहरूमा मेरिल्याण्डको परिवारहरूका लागि अस्थायी नगद सहायता (TCA) कार्यक्रमसँग मिल्दोजुल्दो छ तर यसलाई त्यस्ता योग्य आप्रवासीहरूको लागि डिजाइन गरिएको छ जो TCA का लागि अयोग्य छन्।

## प्रारम्भिक शरणार्थी स्वास्थ्य परीक्षण कार्यक्रम (IRHS)

पुनर्वास एजेन्सीहरू हालै आएका शरणार्थीहरूले संयुक्त राज्यमा आएसँगै प्रारम्भिक स्वास्थ्य परीक्षण (IRHS) प्राप्त गर्ने कुरालाई सुनिश्चित गर्नको लागि उत्तरदायी हुन्छन्। नयाँ आगन्तुकहरूमा तत्काल ध्यान दिन आवश्यक पर्ने स्वास्थ्य अवस्थाहरू छन्, छैनन् भन्ने कुरा IRHS का अपोइन्टमेन्टहरूबाट निर्धारण हुन्छन्। IRHS मा बालबालिकाहरूले पनि विद्यालयमा भर्नाको लागि आवश्यक पर्ने प्रतिरक्षण खोपहरू प्राप्त गर्छन्। IRHS पछि, सेवाग्राहीहरूलाई रोकथाम स्वास्थ्य तथा जारी हेरचाहको लागि प्राथमिक हेरचाह चिकित्सककोमा निर्दिष्ट गरी पठाइन्छ।

## रोजगार सहायता:

शरणार्थी पुनर्वास कार्यक्रमको लक्ष्य भनेको सेवाग्राहीहरूलाई आत्मनिर्भर बनाउनु हो। व्यक्ति तथा परिवारहरू सरकारको सहायता बिना आर्थिक समृद्धिको स्तरमा पुगेको बेला यस्तो आत्मनिर्भरता प्राप्त हुन्छ। आत्मनिर्भरता आर्थिकरूपमा विपन्न जनसंख्याहरूको जीवनलाई सुधार गर्ने लक्ष्य भएको विविध सामाजिक तथा रोजगार सेवाहरूमार्फत प्राप्त हुन्छ। विविध कार्यक्रम तथा रणनीतिहरूको प्रयोग गरेर MORA का अनुदानग्राहीहरूले प्रत्येक शरणार्थीको आवश्यकता अनुकूल रोजगार सेवाहरू प्रदान गर्छन्। MORA द्वारा आर्थिक सहयोग गरिएका रोजगार सेवाका उदाहरणहरूमा निम्न कुराहरू पर्दछन्:

- जागिरको लागि तयारी तालिम
- व्यक्तिगत विवरण लेखन
- जागिर खोज्नमा सहायता
- व्यावसायिक तालीम
- अन्तर्वार्ताको लागि तयारी
- यातायात सहायता
- जागिर अन्तर्वार्ताहरूको समयमा दोभाषे
- व्यावसायिक सफलताका लागि पदस्थापन पश्वात परामर्शदाता

## अन्य भाषा बोल्नेहरूका लागि अङ्ग्रेजी (ESOL)

अङ्ग्रेजी बोल्ने शरणार्थीहरूले एकदमै छिटो सामाजिक अनुकलन तथा आर्थिक आत्मनिर्भरता प्राप्त गर्ने हुनाले शरणार्थीहरूलाई अङ्ग्रेजी भाषामा निपुणता विकास गर्न मद्दत गर्नु MORA को लक्ष्यको लागि पनि एकदमै महत्वपूर्ण छ। हाम्रा ESOL कक्षाहरू मार्फत हामीले सहभागीहरूलाई नागरिकताको परीक्षाको लागि पनि तयार गराउँछौं। MORA ले राज्यभरि नि:शुल्क ESOL कक्षाहरू सञ्चालन गर्न आर्थिक सहयोग गर्छ।